# Kalika Microcredit Development Bank Limited

(Class 'D' Financial Institution Licensed by Nepal Rastra Bank)

**Central Office: Waling-3, Syangja**

**Ph: 063-440555 /440704, Fax : 063-440556 E-mail: info@kalikabank.com.np**


## Unaudited Financial Results (Quarterly)

### As at the end of 4th Quarter (2073/03/31) of the fiscal year 2072/73

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital and Liabilities (1.1 to 1.7)** | **566,380** | **539,802** | **729,743** |
| 1.1 | Paid Up Capital | 50,000 | 50,000 | 50,000 |
| 1.2 | Reserve & surplus | 76,458 | 61,481 | 41,514 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 187,359 | 195,976 | 226,315 |
| 1.5 | **Deposits (a+b)** | **209,255** | **188,554** | **132,600** |
| | a. Member | 209,255 | 188,554 | 132,600 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Laibility | - | - | 12,305 |
| 1.7 | Other Liabilities | 43,308 | 43,791 | 267,009 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **566,380** | **539,802** | **729,743** |
| 2.1 | Cash & Bank Balance | 109,731 | 108,696 | 113,822 |
| 2.2 | Money at Call and Short Notice | - | - | - |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans & Advances | 431,722 | 412,931 | 357,287 |
| 2.5 | Fixed Assets | 5,374 | 5,921 | 4,641 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 19,553 | 12,254 | 253,992 |
| 3 | Profit and Loss Account | Upto This Quarter | Upto Last Quarter | Upto Corresponding Previous Year Quarter |
| 3.1 | Interest Income | 78,710 | 57,939 | 68,446 |
| 3.2 | Interest Expense | 22,775 | 17,210 | 22,988 |
| | **A. Net Interest Income (3.1 - 3.2)** | **55,935** | **40,729** | **45,457** |
| 3.3 | Fees, Commission and Discount | 60 | 16 | 127 |
| 3.4 | Other Operating Income | 43,942 | 28,553 | 34,096 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | **B. Total Operating Income (A+3.3+3.4+3.5)** | **99,937** | **69,298** | **79,680** |
| 3.6 | Staff Expenses | 21,024 | 15,302 | 14,485 |
| 3.7 | Other Operating Expenses | 35,390 | 24,350 | 30,576 |
| | **C. Operating Profit Before Provision (B-3.6-3.7)** | **43,523** | **29,646** | **34,619** |
| 3.8 | Provision for Possible Losses | 5,749 | 3,817 | 1,439 |
| | **D. Operating Profit (C - 3.8)** | **37,774** | **25,829** | **33,180** |
| 3.9 | Non Operating Income/ Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 3,728 | 696 | 11,937 |
| | **E. Profit From Regular Activities (D+3.9+3.10)** | **41,502** | **26,525** | **45,117** |
| 3.11 | Extraordinary Income/ Expenses (Net) | - | - | - |
| | **F. Profit before Bonus and Taxes (E+3.11)** | **41,502** | **26,525** | **45,117** |
| 3.12 | Provision for Staff Bonus | 3,773 | 2,411 | 4,102 |
| 3.13 | Provision for Tax | 11,319 | 7,234 | 12,305 |
| | **G. Net Profit/ Loss (F-3.12-3.13)** | **26,410** | **16,880** | **28,711** |
| 4 | Ratios | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous Year Quarter |
| 4.1 | Capital Fund to RWA | 19.85% | 18.18% | 17.43% |
| 4.2 | Non Performing Loan (NPL) To Total Loan | 1.58% | 1.61% | 0.45% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 149.90% | 187.73% | 364.97% |
| 4.4 | Cost of Funds | 5.50% | 5.50% | 5.81% |
| 4.5 | CD Ratio (Calculated as per NRB Direction) | 230.25% | 219% | 269.45% |

**Note:** If statutory/regulatory authority notify any remarks to change the unaudited statement could be changed accordingly.

**Interest Rate**

| Deposit: 6% - 7% | Loan & Advance: 14% - 19% |
|---|---|

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,

२०६५ को अनुसूची १४ (नियम २२ को उपनियम (२) संग सम्बन्धित)

# आ.व. २०७२/०७३ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण :**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणः** यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरुः**

| | | | | | |
|---|---|---|---|---|---|
| प्रति शेयर आम्दानी | : ५२.८२ | मूल्य आम्दानी अनुपात | : ४२.६० | प्रति शेयर नेटवर्थ | : २५२.९२ |
| कुल सम्पत्तीमा प्रतिफल | : १,१३२.७६ | तरलता अनुपात | : १९.३७% | | |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :** कारोबारको बृद्धिसँगै बैंकको मौज्दात, आम्दानी र तरलतामा संतोषजनक रुपमा बृद्धि भएको छ ।

(ख) **आगामी अवधिको ब्यबसायिक योजना सम्बन्धमा ब्यबस्थापनको विश्लेषणात्मक विवरण :** यस बैंकले हालसम्म नेपालका १० जिल्लामा २४ वटा शाखाहरु मार्फत् आफ्नो कार्यक्रम संचालन गरिरहेको छ । आर्थिक बर्ष २०७३/७४ मा बैंकले कार्यक्रम बिस्तार र गुणस्तर दुबै पक्षलाई साथै लैजाने नीति लिएको छ । सोही अनुसार अब नयाँ क्षेत्रमा कार्यक्रम विस्तार गर्दा लघुवत्त सेवाको पहुंच नपुगेको ठाउँलाई प्राथमिकता दिइनेछ । ग्राहकको चाहना र आवश्यकतानुसार बैंकको बचत, कर्जा र अन्य सेवालाई समयसापेक्ष थप परिमार्जन गर्दै आएको छ । बैंकले आफ्नो श्रोत साधनलाई अधिकतम परिचालन गरी दिगो रुपमा लघुवित्त सेवा दिने सोंच रहेको छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः** लघुबित्त संस्थाहरुको बृद्धिको कारण एक आपसमा अस्वस्थ प्रतिष्पर्धा, सदस्यहरुको दोहोरोपना आदिले बैंकलाई पार्न सक्ने असर बारेमा बैंक सचेत रहेकोले त्यस्तो गम्भीर समस्या बेहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) गत त्रैमासिक अवधीमा बैंकले कसैको बिरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र बैंकको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

(ख) बैंकका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा संचालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा नेपालको राजनैतिक अवस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुले धितोपत्र बजारलाई असर पारी बजारमा मूल्यमा सामान्य उतारचढाव भएतापनि यस बैंकको शेयर कारोबार संतोषजनक नै रहेको छ ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको बेभसाइट **www.nepalstock.com** अनुसार गत त्रैमासिक अबधीमा यस बैंकको शेयरको कारोवार निम्नानुसारले भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तीम मूल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| २,६५७। | १,६२६। | २,२५०। | ६१ | ८७५ |

**५. समस्या तथा चुनौती :**

(क) देशको अस्थिर आर्थिक तथा राजनैतिक अवस्था एबं फितलो शान्ति सुरक्षा,

(ख) लघुबित्तको कारोबार गर्ने बैंकलाइ आयकरमा कुनै छुट, प्रोत्साहन नदिई अन्य बाणिज्य बैंकहरु सरह करको दायरामा राख्दा आर्जित मुनाफाबाट कार्यक्रम बिस्तार गरी थप बिपन्न परिबारलाई सेवा पुर्‍याउन गाह्रो परिराखेको,

(ग) लघुवित्त संस्थाहरु स्थापना, संचालन हुने क्रम जारी रहेकोले यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धाले भविष्यमा समस्या सृजना हुनसक्ने,

(घ) अप्रत्याशित रुपमा आइपर्ने प्राकृतिक दैबि बिपत्ती ।

**६. संस्थागत सुशासन :**

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ ।

(ख) बैंकको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा बिनियमावली, आर्थिक प्रशासन बिनियमावली, बित्तिय सेवा निर्देशिका, आन्तरिक लेखापरिक्षण निर्देशिका, सम्पत्ति दायित्व ब्यबस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाइ पालना गरिएको छ ।

(ग) बैंकले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एबं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संचालक समिति तहमा लेखापरिक्षण समिति, जोखिम ब्यबस्थापन समिति र कर्मचारी सेवा सुबिधा समिति गठन गरेको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।